"Access to All"

# गरिमा विकास बैंक लिमिटेड
# Garima Bikas Bank Limited

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

**लाजिम्पाट २, काठमाडौं**

**फोन नम्बर: ०१-४४४५४२४, ०१-४४४५४२६, फ्याक्स नम्बर: ०१-४४४५४३०**

**Mail:-info@garimabank.com.np**

## घर भाडामा लिने सम्बन्धि सूचना

**(प्रकाशित मिति : २०७६/०९/१६)**

गरिमा विकास बैंक लिमिटेडको शाखा कार्यालय संचालनको लागि देहाय बमोजिमको स्थानमा उपयुक्त घर भाडामा लिनुपर्ने भएकोले ईच्छुक घरधनीहरुले सूचना प्रकाशित मितिबाट १५ दिन (२०७६/१०/०१) भित्र कार्यालय समयमा आवश्यक कागजात सहित बैंकको प्रधान कार्यालय, प्रशासन विभागमा तोकिएको ढाँचा बमोजिमको निवेदन पेश गर्नुहुन अनुरोध छ । निवेदनको ढांचा बैंकको तल उल्लेखित प्रधान कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**(क) घर भाडामा चाहिएको स्थान सम्बन्धि विवरण :**

प्रस्तावित स्थानहरु :

| क.सं | जिल्ला | स्थान |
|---|---|---|
| १ | रुपन्देही | तिलोत्तमा नगरपालिका वार्ड नं. १५, कोटिहवा |
| २ | नवलपुर | गैडाकोट नगरपालिका, कालिगण्डकिचोक |
| ३ | रौतहट | चन्द्रपुर नगरपालिका वार्ड नं. ४, चन्द्रपुरबजार |
| ४ | गोर्खा | गोर्खा नगरपालिका वार्ड नं. ६, हरमटारी देखी बैंकरोड सम्म |

प्रस्तावित घरको क्षेत्रफल : कम्तिमा १५०० वर्गफिट आवश्यक

**(ख) शर्तहरु:**

(१) घर पक्की हुनुपर्ने छ ।

(२) घरको बाहिरी बनाबटमा कुनै असर नपर्ने गरी भित्री बनावटलाई बैंकले आफ्नो आवश्यकता बमोजिम पुनर्निर्माण गर्नुपर्ने भएकोले सो को लागि घरधनी सहमत हुनुपर्नेछ ।

(३) कम्तिमा घर १० वर्ष सम्मका लागि सम्झौता गर्न घरधनी सहमत हुनुपर्ने छ साथै सम्झौता गर्ने समयमा घर खाली भईसकेको हुनुपर्नेछ ।

(४) बैंकले बेरोकतोक स्वतन्त्रतापुर्वक उपभोग गर्न पाउने क्षेत्रफल माथि उल्लेख भएबमोजिम हुनुपर्नेछ । भुईंतला सहितको घरलाई विशेष प्राथमिकता दिइनेछ । पायक पर्ने स्थान भएमा क्षेत्रफल सम्बन्धमा बैंक लचिलो हुन सक्नेछ ।

(५) कार्यालय रहने घरमा कार्यालयका लागि आवश्यक पानी, ढल, पार्किङ, लगायतका सुविधा भएको हुनुपर्ने छ ।

(६) बैंकले तयार पारेको निवेदन फाराममा उल्लेख भएका विषयवस्तुहरु घरधनी स्वयंले स्पष्टसंग भरेको हुनुपर्नेछ ।

(७) कुन घर भाडामा लिने भन्ने निर्णय बैंक व्यवस्थापनको हुनेछ । निवेदक घरधनीले आफ्नो घर के कति कारणले भाडामा नलिएको हो भन्ने विषय उठाई कुनै विवाद गर्न पाइनेछैन ।

(८) बैंकले भाडामा लिने घरमा ३ Phase Line, तथा संचारका लागि आवश्यक उपकरणहरु जडान गर्नुपर्ने भएकोले सो को लागि घरधनी सहमत हुनुपर्नेछ । साथै बैंकको लागि आवश्यक जेनेरेटर लगायतका उपकरण राख्ने स्थान भएको हुनुपर्ने छ ।

(९) घरभाडा सम्झौताका अन्य शर्तहरु घरभाडामा लिनेदिने सम्बन्धि करारनामा गर्दाको बखत दुई पक्षको सहमतिमा तय गरिनेछ ।

**(ग) निवेदन संग संलग्न गर्नुपर्ने कागजातहरु :**

(१) घरधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) लालपुर्जा तथा तिरो/सम्पत्तिकर तिरेको रसिदको प्रतिलिपि,

(३) घरको नक्सा पास गर्नुपर्ने स्थानको हकमा सम्बन्धित निकायबाट स्विकृत घरको नक्सा पास प्रमाण तथा घरनिर्माण सम्पन्न भएको प्रमाण पुग्ने कागजात,

(४) रितपुर्वक भरेको निवेदन फाराम,